# अध्याय ८

## ८. जोखिमयुक्त समुदाय विकास रूपरेखा :

### ८.१ परिचय ।

क्षेत्रगत सडक कार्यक्रम तथा लगानी प्राथमिकता योजना (SWRP & PIP) मा करिव ८१५ कि.मि. सडकको नयाँ निर्माण, विस्तार र सुधारको लागि विस्तृत प्राविधिक तथा आर्थिक सम्भाव्यता अध्ययन गर्ने लक्ष्य रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य पहाडको जनताको हकमा बढीमा चार घण्टासम्मको र तराईको हकमा दुई घण्टासम्मको हिडाईबाट पुग्न सकिने गरी सामरिक (Strategic) र ग्रामीण दुवै किसिमका सडकहरू मिलाएर बाह्रै महिना चल्ने राष्ट्रिय सडक संजालको जम्मा लम्बाई निकाल्नु हो । यस आयोजनाले केही सडकहरू त्यसरी चयन गरिएका (Strategic) सामरिक सडक संजाल भित्रको सडकहरूको नयाँ निर्माण, स्तरोन्नति र पुनर्निर्माण (सुधार) का लागि प्राविधिक तथा आर्थिक सम्भाव्यता अध्ययन गर्ने लक्ष्य राखेको छ ।

आयोजना कार्यान्वयन अवधिमा यस आयोजना अन्तर्गत तर्जुमा गरिएका योजनाको क्षेत्रहरूमा बसोबास गर्ने जोखिमयुक्त मानिसहरूको समुदायमा प्रभाव पार्नसक्छ । तसर्थ एउटा जोखिमयुक्त समुदाय विकास नीतिको रूपरेखालाई छनोट भएका योजनाहरूको संचालनको विभिन्न अवस्थामा जोखिमयुक्त समुदायमा पर्ने प्रभावलाई सम्वोधन गर्ने नीति, संगठनात्मक रूपरेखा तथा कार्यान्वयन रूपरेखालाई दर्शाउने (स्पष्ट व्याख्या गर्ने) एक सावधानीको उपायको रूपमा तयार पार्न आवश्यक छ ।

जोखिमयुक्त समुदायहरूमाथि प्रतिकूल प्रभाव पर्ने सम्पूर्ण क्षेत्र तथा स्थानहरू त्यसमा पनि विशेष रूपले जग्गा अधिग्रहण र पुनर्वास आवश्यक हुनसक्ने क्षेत्रहरूलाई छुट्याउनका लागि योजनाको परामर्शदाताले स्थलगत रूपमा सामाजिक सर्भेक्षण गर्नुपर्छ । यस्तो अवस्थामा अर्थात् जोखिमयुक्त समुदायमा प्रभाव पर्ने देखिएमा विशेष गरी जोखिमयुक्त मानिसहरूको आवश्यकताहरूलाई सम्वोधन गर्नका लागि एउटा जोखिमयुक्त समुदाय विकास योजना (VCDP) तयार गरिने छ । यस योजनाले आयोजनाको सबै अवस्थामा लक्षित लाभग्राहीहरूसंग अर्थपूर्ण परामर्शहरू गर्न व्यवस्था मिलाउने, र ती समूहका जनताको विशेष प्राथमिकता र उनीहरूको चाहनासँग मिल्ने हिसाबले उपयुक्त किसिमको सहायता पुऱ्याउने कार्यक्रम तयार गरिन्छ ।

### ८.२ सामरिक सडक संजाल (SRN) कार्यक्रममा पर्ने प्रभाव ।

निकट भविष्यमा संचालन गरिने सडक विकास आयोजनाहरूले सम्पूर्ण स्थानीय वासिन्दाहरूलाई प्रभाव पार्न सक्ने दुई महत्वपूर्ण क्षेत्रहरू जग्गा अधिग्रहण र पुनर्वास हुन् । यसका अतिरिक्त सडक निर्माण कार्यहरूसँग सम्बन्धित अरू धेरै जोखिमहरू छन् । जसले योजनाको प्रभाव क्षेत्रमा बसोबास गर्ने जोखिमयुक्त समुदायहरू माथि आघात पुऱ्याउन सक्छन् ।

तसर्थ पुनर्वास र जोखिमयुक्त सामुदायिक सहायताका मुद्दाहरूलाई यिनै दुई बिषयको परिधि वा कार्य प्रक्रियाभित्रै एकैसाथ सम्बोधन गरिनुपर्छ । अध्ययनको क्रममा रहेको भौतिक योजना तथा निर्माण मन्त्रालय/सडक विभाग अन्तर्गतको यस आयोजनाका लागि जोखिमयुक्त समुदाय विकास कार्यक्रमको रूपरेखा विश्व बैंकको[1] 10P 4.10 र 4.12 “आदिबासी जनजाती” र “अनैच्छिक पुनर्बास” अनुसार र जोखिमयुक्त समुदाय बारे नेपाल सरकारको कानुनी प्रावधान तथा नीतिहरूसँग मिल्ने गरी तयार पारिएको छ । निर्माण कार्यले प्रभाव पार्न सक्ने सामरिक सडक संजाल (SRN) कार्यक्रम अन्तर्गत रहेका सबै योजनाहरूका लागि यो जोखिमयुक्त समुदाय विकास कार्यक्रम (VCDP) अवधारणा लागु गर्न सकिने छ । यसले जनताको निम्न लिखित वर्गहरूको विशेष रूपले सम्बोधन गर्नेछ :

- जनुसुकै वर्ग, जाति, लिंग र जातीयताका गरिबहरूमा पनि सबभन्दा गरिब (स्थानीय आधारमा सम्पत्ति मूल्याङ्कन गर्दा)
- महिलाहरूद्वारा चलाइएको गरिब घर परिवारहरू
- नेपाल सरकारद्वारा जोखिमयुक्त भनि वर्गीकरण गरिएका सबै दलित तथा जातीय अल्पसंख्यकहरू/जनजाति समुदायहरू ।
- परिवार वा अरूको सहायता विना आफूलाई हेरचाह गर्न कम सक्षम रहेका सामुदायिक सदस्यहरू
- भूमिहीन, अवैध बसोबासीहरू र अतिक्रमणकर्ताहरू

८.३ नेपालका सम्भाव्य जोखिमयुक्त समुदायहरू ।

नेपालको सन्दर्भमा जोखिमयुक्त समुदाय भन्नाले सामान्यतया दुर्गम क्षेत्रमा बसोवास गर्ने भूमिहीन, जीविकोपार्जनको स्तरमुनि रहेका सीमान्त किसानहरू तथा कहिलेकाही भूतपूर्व कमैयाहरू बुझिन्छन् । धेरै जसो यी समूहहरूको सार्वजनिक साधन स्रोतहरूमा सीमित वा नगण्य पहुँच रहेको हुन्छ र तिनीहरू प्रायः राष्ट्रिय स्तरका योजना तर्जुमा तथा नीति निर्माणका काममा सधैं जसो भाग लिदैनन् र निर्णय गर्ने प्रक्रियाहरू वा विकासका नेतृत्व जस्ता कार्यहरूमा पनि सामिल हुदैनन् । परिणाम स्वरूप, उनीहरूमा गरिबीको रेखामुनी रहने जोखिम असामान्य रूपले बढने हुन जान्छ ।

औपचारिक तथा अनौपचारिक अध्ययनहरूले के देखाउँछ भने नेपालमा धेरैजसो आदिवासी, जनजाति, दलित र सामान्यतया महिलाहरू जोखिमयुक्त मानिसको वर्गमा पर्दछन् । सरकारको दशौं योजनाले पनि महिला, अशक्त, जातीय अल्पसंख्यकहरू तथा दलित समूहहरूलाई प्रत्यक्ष गरिव र सीमान्तीकृत समूहहरूको रूपमा पहिचान गरी यस तथ्यलाई प्रतिविम्बित गरेको छ । सबै सामाजिक समूहहरू र क्षेत्रहरूमा महिलाहरूलाई तिनीहरूको पुरूष प्रतिरूप भन्दा बढी प्रतिकूल स्थितिमा रहेको प्रमाणित गरिएको छ र तिनीहरूमा पनि विधवा महिलाहरू, वैवाहिक सम्बन्ध विच्छेद भएका महिलाहरू र महिलाद्वारा चलाइएका घरपरिवारहरू खास तवरले मर्कामा परेको पाइयो ।

नेपालमा आदिवासी शब्दलाई जनजाति समुदायसँग बराबरी रूपमा हेर्ने गरिन्छ । नेपालको संविधानले आदिवासी जनताहरूलाई नै जनजाती वा राष्ट्रको मौलिक जात भनेर पहिचान गरिएको छ । आदिवासी/जनजातीको जीवनस्तर सुधारको लागि राष्ट्रिय प्रतिष्ठानले आदिवासी समुदायलाई “आफ्नै मातृभाषा, परम्परागत रीतिरिवाज, भिन्न साँस्कृतिक

पहिचान, भिन्न सामाजिक संरचना र आफ्नै लिखित वा मौखिम इतिहास भएको जातीय समूह" को रूपमा परिभाषित गरेको छ । यस परिभाषाको आधारमा यही स्रोतले नेपालमा ५९ समूहहरूलाई आदिवासी/जनजाति समुदायको रूपमा पहिचान गरेको छ ।

तालिका ८.१ : नेपालका जोखिमयुक्त समुदायहरू/जनजातिको वर्गीकरण :

| | |
|---|---|
| खतरामा परेका समूहहरू | वंकरिया, कुसुन्डा, कुश्वदिया, राउटे, सुरेल, हायू, राजी, किसान, लेप्चा, मेचे (१० समूहहरू) |
| उच्च सीमान्तीकृत समूहहरू | सन्थाल, झाँगड, चेपाङ्ग, थामी, माझी, बोटे, धानुक (राजवंशी), लोमी (सिंगसावा), , थुडम्वा, सियार (चुम्वा), वारामु, दनुवार (१२ समूहहरू) |
| सीमान्तीकृत समूहहरू | सुनवार, थारू, तामाङ्ग, भुजेल, कुमाल, राजवंशी (कोच), गंगाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहाडी, ढोक्प्या (टोपकेगोला), डोल्पो, फ्री, मगल, लार्के (नुप्रिवा), ल्होपा, दुरा, वालुङ्ग (२० समूहहरू) |
| Disadvanged Groups सुविधाविहीन समूहहरू | जिरेल, ताङके (ताङवेतनी), ल्याल्मो, लिम्बू, याकखा, राई, छन्त्याल, मगर, छँरोतन, टिङ्गउले, थकाली, बढी गाउँले, ब्यासी, गुरूङ्ग, मार्फाली, थकाली, शेर्पा (१५ समूहहरू) |
| (विकसित) अग्रगत समूहहरू | नेवार, थकाली (२ समूहहरू) |

[स्रोत : राष्ट्रिय आदिवासी जनजाति प्रतिष्ठान (NEFIN) २००४]

योजनाले उल्लेख गरेको छ कि आदिवासी/जनजाति आफैमा एउटा विविध समूह हो जो सबै एउटै आर्थिक प्रणाली भित्र पर्दैन । आर्थिक स्तर र सामाजिक विशेषताहरूको आधारमा राष्ट्रिय आदिवासी जनजाति प्रतिष्ठान (NEFIN) २००४ ले आदिवासी जनजातिलाई पाँच विभिन्न वर्गहरूमा वर्गीकृत गरेको छ जुन (क) खतरामा परको (ख) उच्च सीमांतीकृत वर्ग (ग) सीमान्तीकृत वर्ग (घ) सुविधा विहीन भएको वर्ग (ङ) (विकसित) अग्रगत वर्ग हुन् (तालिका ७.१)। यी मध्ये पहिलो र दोश्रो वर्ग नेपालमा अनिच्छित पुनर्वासको दृष्टिकोणबाट धेरै नाजुक देखिन्छन् ।

राष्ट्रिय दलित आयोगले[२] दलितहरूलाई देशकै सबभन्दा बढी वञ्चित सामाजिक समूहको रूपमा परिभाषित गरेको छ जसले कुल जनसख्याको १३% ओगटेको छ । यो समूह प्रत्येक मानव विकास सूचकहरूमा अरूभन्दा पिछडिएको समूह हो : दलितको साक्षरता प्रतिशत दर २२.८% छ जुन राष्ट्रिय औसत (६५%) भन्दा धेरै न्यून छ । राष्ट्रिय औसत आयु ५५ बर्षको तुलनामा दलितको आयु मात्र ४२ बर्ष छ । दलितको गरिवी ६८% जस्तो उच्च छ । देशव्यापी रूपमा करिव ४५ लाख दलितहरू गरिवीको रेखामुनि बाँचिरहेको अनुमान गरिएको छ । दलितहरूमध्ये पनि महिला र बालबालिकाहरूको अवस्था खासगरी अझ नराम्रो छ ।

आर्थिक साधन स्रोतहरू तथा जीविकोपार्जनको अबसरमा सीमित पहुँचको कारणले गर्दा नेपालमा गम्भीर गरिवीको सामना गर्नुपर्ने स्थायी जोखिममा परेका वर्गहरूमा साना किसानहरू, भूमिहीन, भूतपूर्व कमैयाहरू, अवैध बसोबास गर्नेहरू र अतिक्रमणकर्ताहरू पनि

उच्च जोखिमयुक्त समुदायको रूपमा वर्गीकृत गरिएका छन् । समुदायभित्र आफैलाई कम वा नगण्य रूपमा हेरचाह गर्न सक्ने बृद्ध मानिसहरू, बालबालिकाहरू र व्यक्तिहरू पनि कुनै पनि वेला जोखिमयुक्ततातर्फ उन्मुख व्यक्तिहरूमा पर्दछन् । स्थानीय अवस्थाले गर्दा यी समूहहरूको १०% विभिन्न किसिमका अपाङ्गता/असमर्थताबाट ग्रसित छन्[३] । जनसंख्याको यो तह प्रस्तावित सडक आयोजनाको कुनै पनि कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पर्न सक्ने कुनै पनि प्रतिकूल प्रभावबाट अत्यधिक जोखिमयुक्त छ । तसर्थ सडक निर्माण अन्तर्गत अनिच्छित पुनर्बासका कियाकलाप संचालन गर्ने अवधिमा तिनीहरूमा उचित ध्यान पुऱ्याउनु पर्छ ।

## ५.४ जोखिमयुक्त समुदायहरूमा केन्द्रित कानुनी रूपरेखा र नीतिहरू

नेपालमा जोखिमयुक्त र आदिवासी जनताको लागि एउटा छुट्टै योजना र नीति छैन । तथापि जोखिमयुक्त वर्गमा पर्नसक्ने समूहहरू जस्तै बालबालिका, बृद्ध नागरिक, अपाङ्ग, भूमिहीन र साना किसानहरू, महिला, दलित, सीमान्तीकृत आदिवासी र जनजाति समूहहरू दशौं पञ्चबर्षीय योजना (२००२-२००७) मा विभिन्न शीर्षक अन्तर्गत समेटिएका छन् ।

नेपाल सरकारको दशौं योजनाले के परिभाषित गरेको छ भने ५० प्रतिशत जनसंख्या गरिब रहेको क्षेत्र र घरेलू उत्पादन वाहेक अन्य कुनै आय स्रोत नभएको र त्यस्तो उत्पादनले ९ महिनाभन्दा कम समयमात्र गुजारा गर्न पुग्ने परिवारहरू भएको क्षेत्रहरूलाई गरिब क्षेत्र भनेर स्पष्ट गरिएको छ । त्यस्तै ३ महिनाभन्दा कम समयसम्म मात्र धान्ने आय स्रोत भएका परिवारहरूलाई अति गरिब (Ultra Poor) को रूपमा वर्गीकरण गरिएको छ । उनीहरूलाई जीविकोपार्जनको लागि सहयोग गर्नु पर्ने देखिन्छ । दलित, आदिवासी जनता र असमर्थ वर्गको उत्थान गर्न र उनीहरूलाई रोजगारी तथा आधारभूत सुरक्षा दिनका लागि लक्षित कार्यक्रमहरू कार्यान्वयन गर्नु दशौ योजनाको महत्वपूर्ण उद्देश्यहरू मध्ये एक हो । सरकारले समाजको जोखिमयुक्त वर्गको लागि आधारभूत सुरक्षाका लागि कार्यक्रमको बलियो र अलग कोटा निर्धारण गर्नुपर्छ भन्ने कुराको पनि यस नीतिगत व्यवस्थाले रूपरेखा तयार पार्दछ । योजनामा उनीहरूको विकास तथा बचाउका लागि नीति तथा कार्यक्रमहरू पनि तयार गरिएको छ ।

दशौं योजनामा योपनि उल्लेख भएको छ कि सशक्तीकरणको लक्ष्य राखेर तयार गरिएका कार्यक्रमहरूलाई जोखिमयुक्त, सुविधा विहीन र शोषित (उत्पीडित) वर्गको हितका लागि प्रवर्द्धन गरिने छ । यस योजनाले गरिव र जोखिमयुक्त जनतालाई लक्षित गरिएको विभिन्न किसिमका आय आर्जनमा सहयोग पुऱ्याउने (Supportive) कार्यक्रमहरूलाई कार्यान्वयन गर्नमा जोड दिएको छ । विदेशी शहरको बजारहरूमा उपलब्ध हुने सस्तो सामानहरूको आयातमा बृद्धि भएकोले परम्परागत रूपमा आफूले उत्पादन गरेका वस्तुको बजारहरू लुप्त भएर कामी, दमाइ र सार्की जस्ता दलितहरूले विगतका वर्षहरूमा बढी दुःख भोग्नु परेका कुरा पनि यस योजनामा पहिचान गरिएको छ । यो समस्या समाधान गर्नका लागि विशेष किसिमका त्यस्ता समूहहरूप्रति लक्षित गरी विभिन्न किसिमका सीपमूलक तालिमका कार्यक्रमहरू तयार पार्ने र त्यसको कार्यान्वयन गर्ने कुरा पनि आवश्यक देखिन्छ ।

[३] आदिवासी नागरिकका लागि राष्ट्रिय संस्था - २००४

विभिन्न जोखिमयुक्त समुदायसंग सम्बन्धित अरू केही ऐनहरू[४] (क) राष्ट्रिय आदिवासी/जनजाति उत्थान प्रतिष्ठान ऐन, २०५८ (ख) कमैया श्रम उन्मूलन ऐन, २०५८ (ग) बालबालिकासँग सम्बन्धित ऐन, २०५८ (घ) वालश्रम (उन्मूलन र व्यवस्था/नियमं) ऐन, २०५६ छन् । तापनि नेपालमा जोखिमयुक्त समुदायहरूको लागि विस्तृत योजना र नीतिहरूमा त्यसमा पनि खासगरी जोखिमयुक्त समुदायहरूको अनिच्छित पुनर्वासको बिषयका:लागि अझै विकास गरिनु पर्ने देखिन्छ ।

विश्व बैंकको नीतिले "गरिब, महिला र आदिवासी जनता, आफैलाई हेरचाह गर्न कम सक्षम हुने (बालबालिका, बृद्ध र अपाङ्ग) र राष्ट्रिय भूमि क्षतिपूर्ति नियमबाट बचाउ नगरिएका अन्य समूहहरू (जग्गाको स्वामित्व नहुने; आश्रयदाता (Host) समुदायहरू, पुनर्बास पछि साविकै क्षेत्रमा बसि (बाँकी) रहेका सामुदायिक सदस्यहरू) लाई जोखिमयुक्त जनताको समुदाय भित्र समावेश गर्दछ । अनिच्छित पुनः बसोबासको लागि ए.डि.बि. नीतिको दस्तावेजले "गरिवीको रेखामुनि पर्ने, कब्जा गरेको सम्पत्तिमा कानुनी हक नभएका, महिलाद्वारा संचालित घरपरिवार, आदिवासी जनता, जातीय अल्पसंख्यकहरू र गाउँले गोठाला" लाई जोखिमयुक्त समूहहरूको रूपमा परिभाषित गर्दछ । यी दातृनिकायहरूले अनिच्छित पुनर्बासका क्रियाकलापहरूको अवधिमा जोखिमयुक्त समुदायहरूमा विशेष ध्यान केन्द्रित गर्ने गरका छन् ।

## ८.५ एस.आर.एन. (SRN) आयोजनाहरूको लागि भि.सि.डि.पि.एफ. (VCDPF) को तयारी ।

### ८.५.१ उद्देश्य

एउटा भि.सि.डि.पि.एफ. (VCDPF) तयारीको लागि बनाइएको यो प्रारूप नेपाल सरकारको विकासका रणनीतिहरू तथा विश्व बैंकको कार्यान्वयन नीतिहरू र निर्देशनहरूमा आधारित छ । तिनमा अनुसरण गर्नु पर्ने महत्वपूर्ण उद्देश्यहरू यी हुन्;

- आयोजनाका फाइदाहरू आयोजनाका क्षेत्रमा बसोबास गरेका सबै जोखिमयुक्त समुदायहरूसम्म पुग्न सक्ने छन् भन्ने सुनिश्चित गर्नु ।
- जोखिमपूर्ण जनता माथि पर्ने कुनै पनि विशेष प्रभावहरूलाई कम गरिन्छ भनेर सुनिश्चित गर्नु ।
- योजनाका सबै क्रियाकलापको तयारी, कार्यान्वयनर अनुगमनको समग्र प्रक्रियामा जोखिमयुक्त समुदायको सहभागिता रहनेछ भनेर सुनिश्चित गर्नु ।
- समुदायहरू भित्रको विभिन्न सामाजिक र आर्थिक असन्तुलनहरूलाई कम गर्नु ।
- उनीहरूको आफ्नै तर्फबाट पहिचान भैसकेका आवश्यकताहरू र प्राथमिकताहरूका आधारमा सुहाउँदो आय आर्जनका क्रियाकलापहरू/तालिमको योजना बनाउनु ।

### ८.५.२ विधि

यी उद्देश्यहरू पुरा गर्न एस.आर.एन. (SRN) कार्यक्रम अन्तर्गतका आगामी योजनाहरूको व्यवस्थापन गर्दा निम्नलिखित विधिहरू अपनाइनु पर्ने सुझाव दिइएको छ ।

---

[४] थप विवरण यसै संरचनाको अध्याय ३ मा दिइएको छ ।

- परियोजनाबाट हुने कुनै हानि वा नकारात्मक असरलाई पुनर्बास योजनाको रूपरेखा (खाका) मा व्यवस्था गरिएका प्रावधान अनुसार कम गरिनेछ ।
- लगातार बैठक, आवधिक जाँच (जस्तै सार्वजनिक लेखा परीक्षण) र अन्तरक्रिया गरेर आयोजनाको असरको अनुगमन गर्ने र यदि कुनै समस्या महसूस भए त्यसलाई समयमै रोकथाम गरिने छ ।
- जोखिमयुक्त समुदायहरूको लागि काम गरिरहेका स्थानीय गैससंहरू सँग निकटतम सम्पर्कमा रहेर काम गर्ने ।
- आयोजनाका कामहरूमा जोखिमपूर्ण समुदायहरूलाई रोजगारीको अवसर प्रदान गर्ने ।
- सीप विकासका तालिम र आय आर्जनका क्रियाकलापहरूको डिजाइन र तर्जुमा गरी त्यसमा जोखिमयुक्त समुदायहरूलाई संलग्न गराउने जसले गर्दा उनीहरू जोखिमबाट वच्न सक्छन् ।

८.५.३ भि.सि.डि.पि. (VCDP) का अवयवहरू (Component)

यो VCDP ले आयोजनाका फाइदा बढाएर तिनलाई लाभग्राहीसम्म पुऱ्याउन आयोजनाको डिजाइन संशोधन गरेर र यस सम्बन्धी सहायता बढाएर संभावित नकारात्मक असरहरूको रोकथाम गर्ने उपायहरू समावेश गर्नेछ । जोखिमयुक्त समुदायहरूबाट जग्गा अधिग्रहण गर्दा र उनीहरूको घरटहरा हानि हुन सक्ने अवस्थामा उनीहरूको अधिकारको हनन हुने छैन र उनीहरूलाई सामाजिक र साँस्कृतिक रूपले स्वीकार हुने गरी उनीहरूको जमीनको कुनै भाग वा सम्पत्तिको उपयोगको लागि उनीहरूलाई क्षतिपूर्ति दिइनेछ भन्ने कुरा आयोजनाले सुनिश्चित गर्नेछ । क्षतिपूर्तिका उपायहरू आयोजनाको पुनर्बास योजनाको रूपरेखा (RPF) को अनुसरण गर्नेछ । जहाँ आधाररेखा सर्भेक्षण र सामाजिक असरको मूल्याङ्कनहरूले जोखिमपूर्ण समूहहरूको उपस्थिति देखाउँछ त्यस्ता क्षेत्रमा एउटा भि.सि.डि.पि. (VCDP) को तयारी गरिनेछ । नमूनाको रूपमा, योजनाको VCDP को दस्तावेजले तलको पहिलो कोठामा देखाएको फारामलाई अनुसरण गर्नेछ ।

वाकस १

जोखिमयुक्त समुदाय विकास कार्यक्रम तयार गर्नको लागि सिफारिस गरिएको फाराम

१. स्थानीय जोखिमयुक्त समूहहरूमा पर्ने अप्ठेराहरू र योजनाको वर्णन ।
२. आयोजनाको कार्यक्रमबाट भएको क्षति/हानिबाट वा नकारात्मक रूपले प्रभाव परेको जोखिमपूर्ण जनताको संख्या (लिङ्ग, जात, वर्ण र आय स्रोतको असमस्त आधारभूत तथ्याङ्कको आधारमा वर्गीकृत गरेर) ती असरहरूको प्रकृति र परिमाण
३. जग्गाको जोत बारेको विवरण
४. प्रस्तावित न्यूनीकरणका उपायहरू र आयोजनाको डिजाइन बारे उनीहरूको विचारहरूको सुनिश्चित गर्न जोखिमयुक्त समूहसँग गरेको छलफल (परामर्शहरू) लाई लिखित रूपमा राख्ने (लिखित कागजात)
५. ती समूहहरूलाई दिने तालिम र आय आर्जनका  क्रियाकलाप सहित तिनलाई गर्ने लक्षित सहायता (तालिम र आय उत्पादन/आर्जन कार्यहरू त्यो क्षेत्रहरूको तुलनात्मक फाइदाको विश्लेषणमा आधारित भएर गरिनेछ) ।
६. आयोजनाको तयारी र कार्यान्वयन अवधिभरी ती समूहहरूसँग गरिने नियमित र प्रभावकारी परामर्शहरू सुनिश्चित गर्ने शैली ।

| | |
|---|---|
| ७. | संगठनात्मक व्यवस्था तथा आयोजनाका अन्य व्यवस्थासँगको सम्बन्ध । |
| ८. | समग्र वातावरणीय र सामाजिक अनुगमनको परिपूरक हुने अवस्था समेत स्पष्ट उल्लेख गरी अनुगमन र मूल्याङ्कन |
| ९. | लागत अनुमान र लगानी गर्ने योजना |
| १०. | कार्यान्वयनको कार्यतालिका (समयतालिका) |

### ८.५.४ प्रारम्भिक छानबीन

अध्ययनको योजना तर्जुमा र डिजाइनको अवधिभरि, कुल घरपरिवारको तथ्याङ्क लिन र अन्य आधारभूत सामाजिक आर्थिक बिषयको विवरण लिन सडक सीमा (Row) भित्र र प्रस्तावित योजनाका नजिकका क्षेत्रमा सर्भेक्षणको काम संचालन गरिनेछ । आयोजना तयार गर्ने परामर्शदाताबाट आएको अध्ययन टोलीले योजना स्थलको भ्रमण गर्नेछ । आयोजनाको बारेमा जानकारी आदान-प्रदान गर्न, सडक विभाग र परामर्शदाताले केही समुदाय छनोट गरी तिनमा सार्वजनिक बैठक गर्ने र त्यसमा गाउँको प्रतिनिधि (नेता) हरूसँग अन्तरक्रिया गर्नेछन् । यो भ्रमणमा जोखिमपूर्ण समुदायहरू, समुदायका संभावित नेताहरू नागरिक समाज, जोखिमयुक्त समुदायको काम गरिरहेका गै.स.स. र स्थानीय अधिकारीसँग छलफल गरिनेछ । यसले खासगरी प्रस्तावित आयोजनाबाट प्रभावित क्षेत्रमा रहेका ती जनताहरूका नाम, घरपरिवारहरूको संख्या र विस्तृत विवरण र प्रतिशतको गर्नेछ । यदि प्रस्तावित परियोजनाहरूबाट प्रभावित क्षेत्रमा जोखिमपूर्ण घरपरिवार भएको कुरा परिणामले देखाउँछ भने एउटा सामाजिक प्रभावको मूल्याङ्कनको कार्यक्रम बनाएर त्यसमा जोखिमपूर्ण समुदायको मुद्दाहरू र त्यो क्षेत्रमा गरिने विकासका अवसरलाई समेटिने छन् ।

### ८.५.५ VCDP को लागि परामर्श र सूचना प्रवाह गर्ने संयन्त्र ।

योजनाको क्षेत्रहरूमा रहेका जोखिमपूर्ण घरपरिवारहरू प्रस्तावित योजनामा भाग लिनको लागि सूचित, परामर्श र परिचालित गरिन्छन् भन्ने यस इ.एस.एम.एफ. (ESMF) ले सुनिश्चित गर्न खोज्छ । उनीहरूको सहभागिताले निश्चय नै उनीहरूलाई फाइदा पुऱ्याँउछ अथवा योजनाहरूबाट पर्ने कुनै पनि सम्भाव्य प्रतिकूल असरहरूबाट जोगाउँछ । भि.सि.डि.पि. (VCDP) को मुख्य पूर्व शर्त एउटा प्रारम्भिक छानबीन हुनेछ । यस अनुसार यसपछि एउटा सामाजिक प्रभावको मूल्याङ्कनको काम गरी त्यसबाट प्रत्येक योजनाको असरको प्रकृति र हद यकिन गरिने छ । ती उपलब्धिहरूमा आधारित भएर एउटा कार्य योजना/रोकथामका उपायहरूको प्रारूप/मस्यौदा तयार गरिनेछ ।

योजनाको गतिविधिहरू शुरू हुनुभन्दा तीन महिना अगावै यो VCDP लाई जाँच र स्वीकृतिको लागि विश्व बैंकलाई बुझाइनेछ । यस VCDP लाई केन्द्रीय र जिल्ला दुवै तहको योजना कार्यालयहरूमा उपलब्ध गराइने छ । यसको अलावा नेपाली भाषामा VCDPs को साराशं योजना क्षेत्रमा काम गर्ने स्थानीय गैससहरू र अन्य सम्बन्धित व्यक्तिहरूलाई पनि उपलब्ध गराइने छ ।

### ८.५.६ सामाजिक प्रभाव मूल्याङ्कन (SIA) र त्यसमा सामुदायिक विकासका कार्यक्रमको समावेश

डिजाइन परामर्शदाता, जोखिमयुक्त समूहहरू तथा तिनीहरूको लागि काम गर्ने संगठनहरूको सहयोगमा सामाजिक प्रभाव मूल्याङ्कन/विश्लेषण (SIA) गर्ने र कार्ययोजना तयार गर्नका लागि जिम्मेवार हुनेछ।

यसरी SIA गर्दा जनसंख्याको तथ्याङ्क, सामाजिक, आर्थिक र साँस्कृतिक अवस्था र सकारात्मक तथा नकारात्मक दुवै किसिमको सामाजिक, आर्थिक र साँस्कृतिक असरहरूका बारेमा मुख्य मुख्य विवरण सङ्कलन गरिनेछ । सूचना सङ्कलन गर्दा जोखिमयुक्त समुदायहरूभित्रका समूहहरूसँग छुट्टाछुट्टै बैठक गरेर सङ्कलन गरिनेछ। योजनाबाट प्रभावित क्षेत्रहरूमा बसोबास गरेका जातीय अल्पसंख्यकहरू, दलित महिला तथा पुरूषहरू, बृद्ध मानिसहरू र बालबालिकाहरूसँग छुट्टाछुट्टै छलफल गरिनेछ। यस्ता छलफलहरू योजनाका सकारात्मक र नकारात्मक असरहरू माथि केन्द्रित हुनेछन् र त्यतिखेर योजना डिजाइन र व्यवस्थापनका विभिन्न विकल्पहरू बारे जनताको राय सुझाव सङ्कलन गरी तिनको अभिलेख राखिनेछ।

यदि प्रस्तावित योजनाका सम्भाव्य असरहरू धेरै प्रतिकूल प्रकृतिका हुने वा तिनबाट विद्यमान सामाजिक आर्थिक अवस्थालाई खतरा पुग्ने संभावना देखिन्छ वा त्यो क्षेत्रको सम्पूर्ण जोखिमपूर्ण समुदायहरूले प्रस्तावित परियोजनालाई अस्वीकार गर्लान भन्ने देखिन्छ भने वातावरण मूल्याङ्कन (EA) ले उनीहरूको प्रतिनिधि, नागरिक समाज र गैससहरूसँग छलफल गरी अनुमान गरिएका वा अनुभव गरिएका मुख्य मुख्य असरहरू न्यूनीकरण गर्नका लागि डिजाइनका अन्य विकल्पहरूमाथि विचार पुऱ्याउन पर्ने हुन्छ। जहाँ SIA ले प्रस्तावित योजना मुख्य प्रभाव पर्ने जनसंख्यालाई फरक किसिमले (नकारात्मक) र धेरै महत्वपूर्ण प्रभाव पार्न सक्ने सम्भावना देखाउँछ भने त्यस अवस्थामा एउटा VCDP तयार गरिनेछ।

यस वाहेक बिशेष किसिमका सामाजिक विकासका कार्यक्रमहरूलाई पनि आयोजनाको डिजाइनमा समावेश गर्ने तर्फ विचार गर्न सकिनेछ।

(क) सामाजिक/सामुदायिक विकास कार्यक्रम :
योजना क्षेत्रको जोखिमयुक्त समुदायहरूको जीविकोपार्जनको अवस्थालाई सुधार्न र जीवनस्तर उकास्न, SWRP र PIP ले तालिम प्रदान गरेर वा आय आर्जनका अवसर दिने कियाकलाप संचालन गरेर सहयोग प्रदान गर्न सक्नेछ। उनीहरूका सीप, आवश्यकताहरू, प्राथमिकताहरू र उनीहरूलाई दिनु पर्ने तालिम कार्यक्रमहरूको पहिचान गर्न जोखिमपूर्ण समूहहरूसँग SIA को अवधिमा छलफल गरिनेछ। यदि अध्ययन टोलीले आवश्यक देखेमा समुदायको तुलनात्मक लाभ क्षेत्र विश्लेषणको काम पनि गरिनेछ । यसबाट आएको परिणाममा आधारित भएर आवश्यक परेमा सामाजिक/सामुदायिक विकासका पूरक कार्यक्रमहरू पनि तयार गरिनेछन् । त्यस्ता पूर्व-अध्ययनहरूद्वारा यकिन गरिएका कार्यक्रमको केही उदाहरणमा निम्न लिखित समावेश गर्न सकिन्छ :

- मर्मत संभार र निर्माण कार्यहरू बारे सीप विकासको तालिम (बिजुली, यान्त्रिक, घरेलु विद्युत जडान, डकर्मी, सिकर्मी/सिलाई बुनाइ, हस्तकला)
- आय आर्जन क्रियाकलापहरूका तालिम (तरकारी उब्जनी, गैर काठको पैदावार सङ्कलन गर्ने र रोप्ने, खाद्य प्रशोधन, कृषि सम्बन्धी लघु उद्यम (Enterprises), कुखुरा पालन,

माछापालन, माहुरी पालन, पशुपालन, महिलाहरूको गोठमा दाउराको भण्डारण, गैर काष्ठ वन पैदावार (NTFPs), सामुदायिक वन योजनाहरू आदि)

- महिलाहरूका लागि साक्षरता कार्यक्रम
- स्वास्थ्य र सरसफाईका अभियानहरू
- वचत र ऋण सम्बन्धी योजनाहरू
- नर्सरी (Nursery) को स्थापना, घाँस र फलफूलका रूखहरू लगाउने, उन्नत घाँसहरू
- उन्नत पहाडी खेतीका प्रविधि र भू-क्षय रोक्ने उपाय र खनिज रिक्तता विरूद्धका उपायहरू

## ८.६ संगठनात्मक जिम्मेवारी र कार्यान्वयनको व्यवस्था

### ८.६.१ (VCDP) कार्यान्वयनको लागि समग्र जिम्मेवारीहरू र सम्बन्ध :

पुनर्बास कार्य योजना (RAP) र VCDP लाई एक अर्कासँग समन्वय गरी सँगसगै कार्यान्वयन गरिनेछन् । भौतिक योजना तथा निर्माण मन्त्रालय यसको कार्यकारी निकाय हुनेछ र सडक विभाग सम्पूर्ण SWRP को लागि कार्यान्वयन निकाय हुनेछ । आयोजना प्रमुखले नेतृत्व गरेको एउटा योजना कार्यान्वयन इकाई सडक विभागमा केन्द्रीय इकाईको रूपमा स्थापना गरिने छ र यो इकाई प्रस्तावित योजनाको समग्ररूपले योजना तर्जुमा, कार्यान्वयन र समन्वय गर्न र समग्र एस.आर.एन. (SRN) कार्यक्रमका लागि पनि जिम्मेवार हुनेछ । उक्त एकाइ र पुनर्बास कार्ययोजना (RAP) कार्यान्वयनको लागि सडक विभागभित्रको स्थापित संगठनात्मक व्यवस्था VCDP क्रियाकलापहरूको कार्यान्वयनको लागि पनि जवाफदेही हुनेछ ।

### ८.६.२ अनुभवी गैससहरूसँग करार

जोखिमपूर्ण जनताहरूको मुद्दा सम्वेदनशील भएकाले, जीविकोपार्जनलाई यथास्थितिमा ल्याउने र जोखिमयुक्त समुदाय सम्बन्धी बिषयमा अनुभवी एउटा स्थानीय गैससलाई करारमा नियुक्त गरिनेछ । प्रस्तावित VCDP क्रियाकलापहरूमा कार्यान्वयनको लागि आवश्यक पर्ने पृष्ठ पोषण (Feedback) को काम र सहजीकरणका लागि आवश्यक पर्ने सेवाहरू प्रदान गर्न उक्त गैससले ईञ्जिनियरिङ्ग सुपरभिजन कन्सल्टैण्ट साझेदार/सहयोगी संगठनको रूपमा काम गर्नेछ । उक्त गैसस जोखिमपूर्ण समुदायहरूको लागि नेपाल सरकार, विश्व बैंक र ADB बैंकका नीतिहरू र अरू दातृ निकायहरूका मापदण्डसँग परिचित छ भन्ने सुनिश्चितता आयोजनाको नेतृत्वले गर्नु पर्नेछ ।

वरीष्ठ पुर्नबास बसोबास/सामाजिक विकास विशेषज्ञले जिल्ला स्थित आयोजना सहयोग इकाईको सहयोग लिनुपर्छ । स्थानीय परामर्श समिति (संघ) र परामर्शदाताको योजनास्थलका कार्यालयहरूबाट सहयोग लिएर गैससले गर्ने कार्यान्वयन र प्रगति अनुगमनको काममा सहयोग गर्नेछ । उसले सम्बन्धित विभाग, संगठन, गैसस र जोखिमयुक्त समूहहरू (समुदायहरू) को बीचमा समन्वय कायम गर्नेछ । उक्त विशेषज्ञको अर्को महत्वपूर्ण काम संचालन गरिने सबै सहयोगी कार्यक्रमहरूमा लैंगिक विभेद हट्ने छ भनेर सुनिश्चित गर्नु हो ।

## ८.७ VCDP को बजेट

सबै योजनामा VCDP को सकभर आफ्नै बजेट हुनेछ । VCDP को तयारी, कार्यान्वयन र सम्बन्धित सबै गतिविधिहरूलाई ध्यानमा राखी परामर्शदाताद्वारा विस्तृत विवरण सहितको बजेट तयार गरिनेछ । उक्त बजेटमा सिफारिस गरिएका कार्यक्रम अन्तर्गतका क्रियाकलाप संचालन गर्न लाग्ने खर्च, मानव संसाधनका लागि लाग्ने खर्च, अनुगमनका लागि लाग्ने खर्च र अन्य छुटपुट खर्च समावेश हुनेछ । वातावरणीय र सामाजिक व्यवस्थापनका लागि लाग्ने खर्चको महलमा समावेश गरिने ती खर्च आयोजना खर्चको एउटा अभिन्न अङ्गका रूपमा ती बजेट हुनेछन् ।

त्यो बजेट आयोजना कार्यान्वयन अवधिमा उपलब्ध गराइनेछ । VCDP कार्यान्वयन गर्न पर्याप्त बजेट उपलब्ध गराउने कुराको कार्यकारी निकाय (EA) ले सुनिश्चित गर्नेछ । VCDP मा वन्दोवस्त भए वमोजिमका परिपूरक कार्यक्रमहरू समयमा नै कार्यान्वयन गर्नका लागि सहयोगी गैससहरू र कार्यान्वयन गराउने परामर्शदातालाई बजेट समयमै उपलब्ध गराउने कुरा पनि EA ले सुनिश्चित गर्नेछ ।

८.८ अनुगमन तथा मूल्याङ्कन :

(क) मद्दत गरिएका जोखिमपूर्ण समूहहरूका व्यक्तिहरूको संख्या र आयोजनाको लगानीको लेखाजोखा र अभिलेख राख्न (ख) उनीहरूको जीविका तह र जीवनस्तरको अवस्था पहिलैकै स्थितिमा पुनः स्थापित गरिदैछन् भनेर सुनिश्चित गर्नको लागि एउटा अनुगमन र मूल्याङ्कन कार्यक्रम कार्यान्वयन गरिनेछ ।

कार्यान्वयन व्यवस्था समयमा नै सुधार गर्ने काममा मद्दत पुऱ्याउन यथाशीघ्र कार्यान्वयनमा परेका समस्याहरू र कार्यान्वयनबाट हासिल भएका सफलताहरूको पहिचान गर्ने र कार्यान्वयन बारे व्यवस्थापनलाई पृष्ठपोषण प्रदान गर्ने अभिप्रायले भि.सि.डि.पि. (VCDP) को कार्यान्वयनलाई आन्तरिक र वाह्य दुवै किसिमले अनुगमन गरिनेछ । सहभागितामूलक अनुगमन व्यवस्था भएको निश्चित गर्न सडक विभागले आयोजनाका कर्मचारी, कार्यान्वयन गराउने गैसस, प्रभावित जोखिमपूर्ण समुदायहरू र जोखिमपूर्ण समुदायहरूको स्थानीय संगठनहरूलाई संलग्न गराइ एउटा त्रैमासिक निरीक्षण प्रणाली लागु गर्नेछ । VCDP कार्यान्वयन अवधिमा अनुगमन सूचकहरूको एउटा संग्रहको विकास गरिनेछ । आन्तिरिक र वाह्य अनुगमन प्रभावकारी बनाउनका लागि र प्रतिवेदनमा आवश्यक पर्ने सबै विवरणहरू समावेश गर्न उपयुक्त किसिमको अनुगमन फाराम विकास गरिनेछन् । खासगरी अनुगमनका लक्ष्यहरू यी हुन् :

- जोखिमपूर्ण समूहहरूको जीवनस्तर पहिले कै स्थितिमा पुनःस्थापित गरिएको वा अझै सुधार गरिन्छ भन्ने सुनिश्चित गर्नु ।
- VCDP मा व्यवस्था गरे अनुसारका कियाकलापहरू समयमा नै पुरा हुन्छन् कि हुँदैनन् भनेर अनुगमन गर्नु ।
- सामाजिक उत्थानका उपायहरू वा सामाजिक विकासका पूरक (सहयोगी) कार्यक्रम पर्याप्त छन भन्ने सुनिश्चित गर्नु ।
- सामान्य समस्याहरू वा विशेष किसिमका समस्याहरूको पहिचान गर्नु र
- समस्याहरू कम गर्न तुरुन्तै प्रभावकारी हुने उपायहरूको पहिचान गर्नु

- अनुगमनका सूचकहरू सैद्वान्तिक रूपले पुनःबसोबास व्यवस्थापनको रूपरेखामा निर्धारण भए जस्तै हुन् । (अघिल्लो अध्याय हेर्ने) जसले दुईवटा अनुगमन संयत्रको उपयोग गर्दछन् जस्तै प्रक्रिया र उपलब्धिको चालू आन्तरिक अनुगमन गर्ने र एउटा सूचक स्वतन्त्र अनुगमन निकायद्वारा वाह्य अनुगमन वा VCDP को उद्देश्यहरू कुन हदसम्म पूरा भएको छ भनेर लेखाजोखा गर्न सामाजिक लेखा परीक्षण प्रणालीको स्थापना गर्ने ।

योजना प्रभाव क्षेत्रमा बस्ने जोखिमपूर्ण समुदायको समग्र जीवनस्तरमा आएका परिवर्तनहरू (परियोजनाले गर्दा) को मूल्याङ्कन गर्न समग्र रूपमा परेको प्रभावको मूल्याङ्कन आयोजनाको अन्तिम बर्षमा गरिन्छ । यो मूल्याङ्कन (परीक्षण) अघिल्लो अध्यायमा उल्लेख भएको सामाजिक लेखा परीक्षणको एक अङ्ग हुनेछ । जोखिमपूर्ण समूहहरूमाथि परेको आयोजनाका प्रभावहरूका प्रभावकारी रूपले अनुगमन गर्नको लागि आयोजनाको लागि स्थापित सामाजिक आर्थिक आधाररेखाले छडके जाँच गर्न र जोखिमपूर्ण घरपरिवारहरूको नमूनाका रूपमा छानिएका घरपरिवार माथि आयोजनाबाट परेको असरहरू (सकारात्मक र नकारात्मक) थप जाँच गर्न र रूजु गर्न एउटा तुलनात्मक आधारको रूपमा काम गर्नेछ । अनुगमन सूचकहरूले लिङ्ग, जातीय समूह र आय समूह स्पष्ट खुलाउने सूचकहरू समावेश गर्नेछन् र अनुगमन प्रतिवेदनले यसै अनुसारको तथ्याङ्क देखाउने छ । यी उद्देश्यका लागि अनुगमन गरिने सूचकहरूले कति जना जोखिमपूर्ण जनताले आयोजनाका गतिविधिहरूमा सक्रिय भाग लिए, कति जनाले जीविका उकास्न लक्षित सहायताबाट फाइदा उठाए, आयोजनाका असरहरूको बारेमा उनीहरूको विचारको अभिलेख राख्ने र यदि कार्यान्वयन अवधिमा उनीहरूको कुनै विशेष समस्याको सम्वोधन भएको भए सो समेतको तथ्यहरू समावेश गर्नेछ ।

**********

[१] एशियाली विकास बैंक (ए.डि.वि.) को यस बिषयको नीति र कार्य संचालन कार्यविधिको प्रावधानहरूमा पनि पर्याप्त ध्यान दिइएको छ ।

[२] दलितहरूको अधिकारको सुरक्षा र उनीहरूलाई विकास कार्यक्रमको मूलधारमा समावेश गर्नका लागि नवौं योजनामा दलित आयोग गठन गरिएको थियो । आयोगसँग सम्बन्धित ऐन नियमहरू निर्माण भैसकेका छन् र संस्थागत संरचना खडा गर्ने बिषयकौ काम पनि भैसकेको छ ।